# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

# महाकाली नगरपालिका

# दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ३२२

मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ७ करोड ७३ लाख ७७ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।७।२२, मिति २०७९।२।६ र ऐ. १० मा प्राप्त प्रतिक्रियाबाट रु. २ करोड ४ लाख ४५ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु. ५ लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५ करोड १० लाख ८ हजार, नियमित गर्नुपर्ने रु. २५ लाख ४८ हजार तथा पेश्की रु. २७ लाख ८८ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ८ करोड ३७ लाख ९४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १४ करोड ७ लाख २६ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, अबण्डा बजेट रहेको, लेखापरीक्षण समितिको गठन, जटिल कार्यमा उपभोक्ताको सहभागिता लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । महाकाली नगर कार्यपालिका, महाकाली नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## महाकाली नगरपालिका, दार्चुला

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७३ | ४४ | ७७३७७ | ० | ७ | २०४४५ | ७३ | ३७ | ५६९३२ | ५८९ | २५४८ | ५१००८ | ० | ० | ५३५५६ | २७८८ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ८३७९४ | ० | ० | ८३७९४ | ० | ५६९३२ | १४०७२६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : माहाकाली नगरपालिका, दार्चुला , महाकाली नगरपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विजय भूर्तेल | २०७७-१२-१२ | २०७८-९-११ |
| कार्यालय प्रमुख | खेम राज देवकोटा | २०७७-८-२८ | २०७७-११-७ |
| कार्यालय प्रमुख | नर सिंह बडाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोकर्ण बहादुर पाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५६,९५८,१०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,००,५१,३८४.७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७,९५,४५,०४० | चालु खर्च | ३४,२७,६७,०४६.८४ |
| प्रदेश सरकारबाट अनुदान | ३,१०,१३,०२० | पूँजीगत खर्च | २०,७०,८३,३८७ |
| राजश्व बाँडफाँट | ६,१२,८४,१६९.२९ | वित्तीय/अन्य व्यवस्था | १५,८२,६२,०८९.०१ |
| आन्तरिक आय | १,०४,३५,०९०.४ | | |
| अन्य आय | ९,२३,७९,२७७.५ | | |
| कुल आय | ६७,४६,५६,५९७.१९ | कुल खर्च | ७०,८१,१२,५२२.८५ |
| बाँकी मौज्दात | | ३,६५,९५,४६०.०४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महाकाली नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महाकाली नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वटा वडा, ४९ नगरसभा सदस्य, १३५.११ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ को जनगणना अनुसार २१ हजार २ सय ३१ जनसंख्या रहेको छ ।<br>त्यस्तै महाकाली नगरपालिकाको नगर पार्श्वचित्र २०७७ अनुसार जनसंख्या २४ हजार ४ सय सतसट्ठी रहेकोछ ।<br><br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण**— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>·यस पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>·यस पालिकाले बैंक समायोजन हिसाब तयार गरि हिसाव मिलान गरेको तथा खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ४४८२२६६.१० ले घटी बैंक मौज्दात फरक देखिएको छ ।<br>·सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ । | |
| २ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नु पर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरी श्रेस्ता तयार गरेकको छैन ।यसरी बैँक मौज्दात विवरण र श्रेष्ता भिडान गर्दा रू. ४४८२२६६.१० घटी बैँक मौज्दात देखिएकोले हिसाव मिलान गरी एकिन प्रमाण पेश गर्ने रू. | ४,४८२,२६६.१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक नियन्त्रण**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ एबं विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका व्यहोराहरुको पालना गरी कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणालीलाई भरपर्दो बनाउनुपर्ने व्यबस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा आन्तरिक कार्यबिधि तयार नगरेको, निर्माण कार्यको सम्बन्धित साईट रजिष्टर, आईटमबाईज रजिष्टर नराखेको, नापी किताब लुज सिटमा राखेकोले नापी किताब नियन्त्रण अभिलेख नरहेको, नापी किताबमा कन्टेन्जेन्सी खर्च समाबेश नगरेको, लागत अनुमान तयार गर्दा निर्माण सम्पन्न गर्ने समयाबधि उल्लेख नगरेको, निर्माण सम्पन्न भएका सडक, पुल, रिटेनिङ बालको अभिलेख (Road inventory) नराखेको, डोर हाजिर नियन्त्रण खाता नराखेको, डिजाईन ड्रईङ डिजाईन स्पेशिफिकेशन बमोजिम निर्माण सम्पन्न भएको मूल्याङ्कन नगरेको तथा एजबिल्ट नक्साको अभिलेख राखेको देखिएन । त्यस्तै सार्बजनिक खरिद व्यबस्थापनतर्फ खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार नगरेको, प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गर्ने कार्य सम्पन्न हुन नसकेको आदि देखिएको छ । स्वीकृत चौमासिक लक्ष्य अनुसार कार्य नभएको, कर्मचारीहरुको कार्य बिबरण लागू नगरेको, नागरिक बडापत्रमा उल्लेखित सेवा प्रबाहको अनुगमन सँयन्त्र तयार नगरेको देखियो । अतः बिद्यमान ऐन, नियममा भएका व्यवस्था कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभाबकारी बनाउनुपर्ने देखिन्छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।<br>• निर्माण सम्बन्धी म.ले.प.फा.नं. ५०२, ५०५, ५०७, ५१२, बेरुजु लगत खाता म.ले.प.फा.नं. ८०१, आन्तरिक ऋण भुक्तानी खाता म.ले.प.फा.नं. ७०२ खाता अभिलेख राखेको देखिएन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले सबै समितिहरु गठन गरी कार्यान्वयन गरेको पाइयो<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट निर्धारण पर्नेमा सो अनुसार दररेट निर्धारण गरी कार्यान्वयन गरेको पाइयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा यस पालिकाले हाल सम्म ७ ऐन, ४ नियमावली, २५ कार्यविधि १ वटा निर्देशिका र २ मापदण्ड १ आचार संहिता समेत ४० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको देखियो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरी कार्यान्वियन गरेको देखियो ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुप र्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इटीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७७/०७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइयो।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा तयार गरी प्रकाशन गर्नु पर्ने व्यवस्था रहेकोछ । सो अनुसार आयोजना बैंक तयारी गरेको तर प्रकाशन गरेको देखिएन् ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गर्नु पर्नेमा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा पेश भएका बिल बिजकमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकिकरण गरी कार्यान्वयन गरेको छैन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो। कानुन बमोजिम सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण प्रणालीको पालना गर्नु पर्ने देखिन्छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको लागि कानुनमा तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५ | | | **सुत्रमा रहेको समस्या**<br>यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ।उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छ्यौट अध्यावधिक नगरेकाले यस प्रणालीले समेट्न सकेको देखिएन। पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको बैकल्पिक व्यवस्था उक्त सप्टवेयरमा उपलव्ध नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन, साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थमा पनि यसको प्रयोग आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको जानकारी गराएकाले समस्याको समेत सम्बन्धित निकायको ध्यानआकर्षण आवश्यक देखियो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **लेखापरीक्षण समितिको गठन**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रितबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट कार्यान्वयन भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | |
| ७ | | | **आयोजनाहरूको फरफारक**<br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रसासकीय अधिकृतको व्यवस्था गरेको र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | |
| ८ | | | **खर्च सार्वजनिकीकरण**<br>सार्चजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्योहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कानून निर्माण र कार्यान्वयन**<br><br>**लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश भइ दफावार छलफल भएता पनि लेखा समिति गठन गरी समितिबाट प्राप्त निर्देशन नगरसभामा पेश गरी छलफल गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| १० | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले विद्यायन समितको सिफारिसमा हाल सम्म ९ वटा ऐन, ४ वटा नियमावली, ३१ वटा कार्यविधि २ वटा निर्देशिका र २ वटा मापदण्ड १ वटा आचार संहिता समेत ५१ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>साथै पालिकाले ५१ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरिएकोमा २०७८ असार मसान्त सम्ममा ३७ वटा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । राजपत्रमा प्रकाशन नभएका कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड बनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ ।<br>**क्र स** – **कार्यक्रमको नाम**<br>१ – सुत्केरी आमालाइ उपप्रमुखको कोशेली सम्बन्धी<br>२ – आन्तरिक लेखा परीक्षाण सम्बन्धी कार्यविधि सम्बन्धी<br>३ – स्थानीयतहकोसार्वजनिकखरिदनियमावलीसम्बन्धी<br>४ – कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी | |
| १२ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ वटा र यो बर्ष थप भएको ३३ गरी कूल ३५ विवाद दर्ता भएकोमा ५ वटा फिर्ता १ वटा सम्बन्धित निकायमा पेश गरेको २५ वटा फछ्र्यौट भइ लगतकट्टा गरी १० वटा फर्छ्यौटको क्रममा रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**<br>**योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नु पर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।यस वर्ष उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| **क्र. सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु१लाखभन्दाकमकोयोजना | १५९ | १२४२११२५ |
| २ | रुएकलाखएकदेखिपाँचलाखसम्मकायोजना | १८२ | ४४३०७०११ |
| ३ | रु५लाखदेखि१०लाखसम्मकायोजना | २९ | २१२९२५४६ |
| ४ | दशलाखएकदेखि५०लाखसम्मकायोजना | १० | १७२१०००० |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
| जम्मा | | ३८० | ९५२३०६८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना जाँचपास फरफारक तथा हसतान्तरण**<br>कुनै पनि निकायले योजना कार्यान्वयनको क्रममा योजनाको कार्य सम्पन्न भए जाँचपास फरफारक समितिबाट जाँचपास फरफारक गरी हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोछ । यस पालिकाले जाँचपास फरफारक सम्बन्धी कार्य गरेको भएतापनि केही योजनाहरुको परिक्षण गर्दा योजनाको कार्य सम्पन्न भए पछि जाँचपास फरफारक भएको तर सम्बनधित सरोकारवालालाइ योजना हस्तान्तरण गरेको देखिएन ।प्रचलित कानुन बमोजिम योजना हस्तान्तरण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ । यस महाकाली नगरपालिकामा उप प्रमुख श्री सुना बोहराले २०७७।०३।०५ गते रु. ६३ करोड ३५ लाख ४२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२१ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनु पर्दछ । | |
| १६ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले आर्थिक बर्ष २०७७।०७८ मा मन्दिर निर्माण शिर्षकमा रु.३० लाख, अन्य सार्वजनिक निर्माण तथा भैपरी आउने शिर्षक मा १ करोड ५० लाख गरी जम्मा १ करोड ८० लाख रकम अबण्डा राखेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ । | |
| १७ | | | **खर्च व्यवस्थापन**<br>**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नु पर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | • | |

| सि.नं. | पूँजीगतखर्चशीर्षक | कुलखर्च | चौमासिकखर्च (रु.हजारमा) | | | आषाढमहिनाकोमात्रखर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथमचौमासिक | दोस्रोचौमासिक | तेस्रोचौमासिक | |
| १ | शिर्षकगतपूँजीगतखर्च | २०७०८३३८७ | ३३६३८७२२ | १५१७७९३६ | १५८२६६७२९ | १२६००११६६ |
| कूलखर्च: | | २०७०८३३८७ | ३३६३८७२२ | १५१७७९३६ | १५८२६६७२९ | १२६००११६६ |
| खर्चप्रतिशत | | | १६.२४ | ७.३३ | ७६.४३ | ६०.८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्यक्षेत्र</th><th>वार्षिकवजेट</th><th>खर्चरकम</th><th>कुलखर्चमध्येप्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>७००८७१५७</td><td>४०४४२६३३</td><td>57.70</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>३२०९२८४४५</td><td>२८४५८३११९</td><td>88.67</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>१४६९५००२५</td><td>११६६८४४६९</td><td>79.40</td></tr>
<tr><td>वित्तीयव्यवस्थापनरसुशासन</td><td>४१७५०००</td><td>३५९८५४८</td><td>86.19</td></tr>
<tr><td>कार्यसञ्चालनतथाप्रशासनिकखर्च</td><td>११३७७३३२२</td><td>१०४८७९२८०</td><td>92.18</td></tr>
<tr><td>विविधकार्यक्रमखर्च</td><td>७९७४६०११</td><td>६७८३४९५५</td><td>85.06</td></tr>
<tr><td>जम्मा</td><td>७३५६५९९६०</td><td>६१८०२३००४</td><td>84.01</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>

.

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७/०७८ को कूल खर्च मध्ये सबैभन्दा बढी कार्य संचालन तथा प्रशासनीक खर्चमा ९२.१२ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकासमा ५७.७० प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ

</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रू. १ करोड ४ लाख ३५ हजार ९० राजस्व बाँडफाँड र अनुदानबाट रू. ७२ करोड ५२ लाख २४ हजार ८ सय ६९ समेत रू. ७३ करोड ५६ लाख ५९ हजार ९ सय ५९ आम्दानी भएकोमा चालु तर्फ रू. ३४२७६७हजार, पूँजिगत तर्फ रू. २०७०८३हजार र बित्तिय ब्यबस्था तर्फ रू.१८८हजार समेत रू. ५५००३५हजारखर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ९०लाख ८३हजार खर्च भएको छ जुन आन्तरिक आयको ८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालु र ३८ तिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| २२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ४०,०१,३९७। कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| २३ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी खर्च लेखेको रू. ७४,८६,५७०।०० छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था रहेतापनी सो खडा गरेको छैन । पालिकाले कानूनको व्यवस्था गरी कल्याण कोष स्थापना गर्नुपर्दछ । | |
| २५ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७/०७८ को सम्पूर्ण आर्थिक कारोबारको कारोवारको वार्षिक रूपमा आन्तरिक लेखापरीक्षक पदपूर्ति नभएका कारणले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २६ | | | **सेवा प्रवाह व्यवस्थापन**<br>**वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br><br>वडा संख्या: ९ ; वडा सचिवको दरबन्दी: ९ ; वडा सचिवको पदपूर्ति: ६ ; रिक्त वडा सचिव: ३ | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ६ | ३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नु पर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख अध्यावधिक राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| २८ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ वटा |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | महिला ३९१ पुरुष ३७३ जम्मा ७७६४ |
| मृत्युदर्ता | महिला ६३ पुरुष ७२ जम्मा १३५ |
| बसाईसराई दर्ता | आएको २६ गएको २४ गरी जम्मा ५० वटा |
| विवाह दर्ता | १३७ जोडी |
| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धविच्छेद दर्ता | २ जोडी | | |
| | | | | **पुर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | ० कि.मि. | | |
| | | | | कालोपत्रे सडक मर्मत | ० कि.मि. | | |
| | | | | ग्राभेल सडक निर्माण | ० कि.मि. | | |
| | | | | ग्राभेल सडक मर्मत | ० कि.मि. | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । | | | | |
